# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ २ गते २०२६ साल

श्री ५ को सरकार

### शिक्षा मन्त्रालयको

### सूचना

जग्गा प्राप्ती ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले पाटन कलेजको लागि वागमती अञ्चल ललितपुर जिल्ला स्थित पाटनढोका निरको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्वन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी वापत यस ऐन बमोजिम क्षतिपूर्ति पाउन हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व कि. नं. ४५ को मनमाया डंगोलनीले कि. नं. ४७।५० शिवदास महर्जनले समेत कमाएको जग्गा र मूल सडकबाट वागमती जाने गोरेटो बाटो, पश्चिम कि. नं. ३५९।३६० दमन कुमारी ठाकुरले कि. नं. ३५८ धनलालले, कि. नं. ३६२ जीतबहादुर महर्जनले, कि. नं. ३६५ सीलाल महर्जनले र कि. नं. ३६८ भाइचा महर्जनले समेत कमाएको जग्गा, उत्तर पुलिस चौकिबाट तापाहिटी जाने सडक र कि. नं २८ को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गोपाल महर्जनले कि. नं. २९ तुतुभाई महर्जनले, कि. नं. ३० गोपी महर्जनले,, कि. नं. ३१।३३'बरमान महर्जनले र कि. नं. ४५ मनमाया डंगोलनी समेतले कमाएको जग्गा दक्षिण मूल सडक, स्कूल तथा कलेज कम्पाउण्डको दक्षिण परखालको सिधा गई कि. नं. ५० को शिवदास महर्जनले कमाएको जग्गा यति चारकिल्ला भित्रको मालपोत रू. १८०।१८ लाग्ने ४७।=॥२ (सतचालिस रोपनी छ आना दुई पैसा दुईदाम) को जग्गा कित्ता एक – – – – – – – – – १

आज्ञाले–

दीर्घराज कोइराला

श्री ५ को सरकारको का. मु. सचिव ।

मुद्रण विभाग, सिंहदरबार

938

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।